IJCRT.ORG ISSN : 2320-2882

INTERNATIONAL JOURNAL OF CREATIVE RESEARCH THOUGHTS (IJCRT)
An International Open Access, Peer-reviewed, Refereed Journal

# रामलाल अधिकारीका **छोरी छोरी भएको घर** कोषकाव्यको नारीवादी अध्ययन

-महेश छेत्री

शोधार्थी

नेपाली विभाग

उत्तर बङ्ग विश्वविद्यालय

**सार:** नारीवाद पितृसत्ताको विरूद्ध र नारी अधिकारको निमित्त यूरोपेली देशमा अभ्युदय भएको एक आन्दोलन हो। यस आन्दोलनले सारा विश्वभरी ठूलो प्रभाव पारेको देखिन्छ। यस आन्दोलनको मुख्य प्रभाव सामाजिक, राजनैतिक र साहित्यको क्षेत्रमा देख्न सकिन्छ। यी विविध क्षेत्रमा पितृसत्ता, यौन शोषण, घरेलु हिंसा र नारी उत्पीडनको विरोध नारीवादले गरेको देखिन्छ। कुनै पनि क्षेत्रमा पुरूष र नारीको हक र अधिकारको समानतामाथि यस नारीवादले जोड दिएको पाइन्छ। यस लेखमा रामलाल अधिकारीका **छोरी छोरी भएको घर**(सन् १९६७) कोषकाव्यमा पाइने नारीवादी पक्षहरूको अध्ययन गरिएको छ। अध्ययनका क्रममा नारीवादका अवधारणा तथा सैद्धान्तिक पक्षहरूलाई आधार स्वरूप ग्रहण गरेर रामलाल अधिकारीका **छोरी छोरी भएको घर** कोषकाव्यको विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा यस कोषकाव्यका विभिन्न सर्गमा पाइने नारीवादी पक्षहरूलाई उदाहरण स्वरूप प्रस्तुत गरेर यस कोषकाव्यको व्याख्या विवेचना गरिएको छ। अन्तमा निष्कर्ष र सन्दर्भसूची दिइएको छ।

**बीज शब्द-** नारीवाद, उदार नारीवाद, मार्क्सवादी नारीवाद, आमूल नारीवाद आदि।

**विषय प्रवेश तथा शोधविधि**

नारीवादले विश्वका विभिन्न देशमा ठूलो प्रभाव पारेको देखिन्छ। पितृसत्तात्मक समाज तथा पुरूषको नारीप्रतिको अन्याय, शोषणको विरोधमा नारीवादी धारणाको अभ्युदय यूरोपेली देशहरूमा भएको मानिन्छ। नारीवादले सामाजिक, राजनैतिक, साहित्यिक आदि क्षेत्रमा ठूलो प्रभाव पारेको छ। नारीवादले नारीको हक, अधिकार र स्वतन्त्रताको निम्ति संघर्ष गर्दै आएको देखिन्छ। साहित्यमा नारीवादी लेखहरू प्रतिध्वनित भएको पाइन्छ। यस लेखमा नारीवाद तथा नारीवादी धारणालाई आधारस्वरूप ग्रहण गरिएको छ। साथै आवश्यकता अनुसार निगमनात्मक, आगमनात्मक र विश्लेषणात्मक विधिद्वारा **रामलाल अधिकारीको छोरी छोरी भएको घर** कोषकाव्यको अध्ययन अनुसन्धान गरिएको छ।

## १.नारीवादको संक्षिप्त परिचय

प्राचीनकालदेखि पितृसत्ताको प्रभाव तथा पुरूषको अन्याय र अत्याचारमा परेर नारी शोषित पिडित हुँदै आएका छन्। पितृसत्तालाई राजनीतिक दृष्टिले अर्थ्याईंदै आएको छ। यसको अर्थ हो, बाबुहरूको शासन। मतलब हो, पुरूषहरूको हातमा शासन रहनु र नारीहरू त्यसैको अधीनमा पर्नु।[1] नारीहरू पितृसत्ताको चपेटमा परेर थिचिएका, मिचिएका र शोषित हुँदै गएका छन्। यसैको विरोधमा नारीवादी धारणा तथा नारीवादी आन्दोलनको शुरूवात् भएको देखिन्छ। सुनिता ठाकुरले **नारीवादी कांउसलिंग सिद्धान्त और व्यवहार**-नामक पुस्तकमा नारीवादी विचारधाराले महिलाहरू माथि हुने हिंसालाई लैङ्गिक भेदभावको व्यवस्थागत रूपमा हेर्दछ भनेर लेखेकी छन्।[2] नारीवादलाई अङ्ग्रेजीमा Feminism भनिन्छ। नारीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो, जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातिको पक्षबाट बोल्दछ, यसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्छन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ।[3] यसैले नारीवादी आन्दोलन नारी हिंसाको विरोधका निम्ति तथा नारीको स्वतन्त्रता र अधिकारको निम्ति गरिएको आन्दोलन हो भन्ने बुझिन्छ। नारीवादी आन्दोलनको शुरूवात् पश्चिमी मुलुकमा भएको देखिन्छ। पश्चिमी मुलुकमा नारी मुक्ति तथा नारी अधिकार आन्दोलनको शुरूवात् अधिवक्ता मेरी उलस्टोनक्र्याफ्टले **A Vindication of the Rights of Women**(1792)-कृतिद्वारा गरेकी हुन्। यसपछि मार्गरेट फुलरले **Women in the Nineteenth Century**(1845)-नामक पुस्तकद्वारा यस आन्दोलनलाई चर्काउँदै लगेका हुन्। यसरी नै जोन स्टुअर्ट मिलले **The Subjection of Women**(1869)-मा नारी दमनको स्थिति दर्साई यस आन्दोलनलाई अग्रगति प्रदान गरेका छन्।[4] नारीवादी आन्दोलनसित सम्बन्धित अन्य पुस्तकहरूमा साइमन ड बुभाको **The Second Sex**(1949), केट मिलेटको **Sexual Politics**(1969)आदि उल्लेखनीय छन्।

## २.भारतीय संविधानमा नारी सुरक्षाका अधिनियम

भारतीय संविधान(उद्देशिका, भाग-३-४ अनि ४ क अनुच्छेद २२६, ३०० क ३२५, ३२६) अन्तर्गत नारी सुरक्षाका निम्ति विभिन्न अधिनियम लागू गरिएको छ। यी अधिनियमहरू यस प्रकारका छन्-

### (१)राष्ट्रिय महिला आयोग अधिनियम १९९०

यस राष्ट्रिय महिला आयोग अधिनियम १९९० सङ्ख्या २० अन्तर्गत नारी अधिकार र नारी सुरक्षालाई ध्यानमा राखिएको छ। जनवरी १९९२-मा नारी अधिकारको संरक्षण हेतु यस नियम पारित गरिएको छ।

### (२)अनैतिक दुर्व्यापार (निवारण) अधिनियम, १९५६(Immoral Traffic(Prevention)Act 1956)

९ मई १९५०-मा भारत सरकारले अनैतिक मानव तस्करीको दमन र वेश्यावृत्तिको निवारणका लागि अन्तर्राष्ट्रिय सम्मेलन अन्तर्गत यस नियम बनाएको देखिन्छ। यस नियमलाई भारतीय संसदले सन् १९६५ -मा **अनैतिक दुर्व्यापार (निवारण)अधिनियम १९५६**-को नाम दिएर पारित गरेको छ। यस अधिनियममा नारी सुरक्षालाई ध्यान दिइएको छ।

### (३)स्त्री अशिष्ट रूपण(प्रतिषेध)अधिनियम १९८६

यस अधिनियम भारत सरकारले नारीमाथि अशिष्ट र अभद्र व्यवहारलाई रोक्नका लागि बनाएको देखिन्छ। यस अधिनियम अनुसार महिलाको अश्लील चित्रण गर्ने तथा अशिष्ट रूपण गर्ने विज्ञापन, लेख, चित्र, आंकडा र विषयवस्तुलाई दण्डनीय अपराध मानिन्छ।

---

[1] कृष्ण गौतम, वि.सं. २०५९, **आधुनिक आलोचना: अनेक रूप अनेक पठन**, ललितपुर, साझा प्रकाशन, पृ ३६०

[2] सुनिता ठाकुर, सन् २०१०, **नारीवादी कांउसलिंग सिद्धान्त और व्यवहार**, नई दिल्ली, कल्याणी शिक्षा परिषद प्रकाशन, पृ १५

[3] कृष्ण गौतम, वि.सं. २०५९, **आधुनिक आलोचना: अनेक रूप अनेक पठन**, पूर्ववत्, पृ ३४४

[4] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, वि.सं. २०७२, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार प्रकाशन, पृ ३७२

**(४)दहेज प्रतिषेध अधिनियम १९६१**

यस अधिनियम भारत सरकारद्वारा सन् १९६१-मा पारित गरेको देखिन्छ। यस अधिनियमको धारा ४ अन्तर्गत यदि कुनै व्यक्तिले विवाहमा दाइजो माग्छ र कुनै व्यक्तिले दाइजो लिन्छ, भने त्यसलाई दण्डनीय अपराध मानिन्छ। यस अधिनियम भारत सरकारद्वारा दाइजो प्रथालाई रोक्नु र दाइजो प्रथा समाजबाट हटाउनुलाई बनाइएको छ।

**(५)सती (निवारण) अधिनियम १९८७**

यस अधिनियम सर्वप्रथम सन् १९८७-मा राजस्थान सरकारद्वारा बनाइएको थियो। यसलाई भारत सरकारले सन् १९८८-मा पारित गरेको देखिन्छ। यस अधिनियमले सती प्रथालाई दण्डनीय अपराध मान्दछ। यसैले यस अधिनियम सती प्रथाको रोकथामको लागि बनाइएको छ।[5]

## ३.नारीवादका प्रकार

नारीवादका विभिन्न प्रकार पाइन्छन्। मुख्यत: नारीवादका उदार नारीवाद, मार्क्सवादी नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद आदि शाखा देखिन्छन्।[6] यी विविध प्रकारका नारीवादले नारीवादी आन्दोलनका विविध पक्षलाई समेटेका हुन्छन्। यी केही नारीवादको अध्ययन यस प्रकारले गरिएको छ-

### ३.१ उदार नारीवाद

उदार नारीवाद उदारवादी विचारद्वारा पुरूष र स्त्रीमा समान अधिकारको धारणालाई प्रस्तुत गर्दछ। नारीवादका प्रकारमध्ये उदार नारीवादी धारा विश्वमै सबभन्दा बढी परिचित रहेको छ। यसले समाजमा विद्यमान महिलाको अवस्थाको व्याख्या गर्छ। महिलालाई सार्वजनिक संसारमा प्रवेश गर्न नदिने बाधा भनेको परिवार र गृहस्थी नै हो। यसैले उदार नारीवादले सार्वजनिक क्षेत्रमा आफ्नो मुख्य ध्यान केन्द्रित गर्दै सार्वजनिक बजारमा प्रतिस्पर्धा गर्ने व्यक्तिगत अधिकार प्राप्तिका लागि कानुनी, राजनीतिक एवं संस्थागत सङ्घर्ष गर्दछ। उदार नारीवादले व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकता माथि गहिरो चासो राख्दछ। सामाजिक बन्धनबाट मुक्ति भन्नुको अर्थ सरकार, राज्य र अझ त्यसभन्दा पनि बढी सांस्कृतिक रीतिथिति एवं दुराग्रहबाट मुक्ति हो। पुरूषसँगको बराबरीका कुरा नै उदार नारीवादी दृष्टिकोणको केन्द्रबिन्दु हो।[7] वास्तवमा उदार नारीवादले पुरूषलेझैँ नारीले पनि स्वत्रन्त्रता पाउनुपर्छ र पुरूषले झैँ नारीले पनि समान अधिकार पाउनुपर्छ, भन्ने धारणालाई प्रस्तुत गर्दछ।

### ३.२ मार्क्सवादी नारीवाद

मार्क्सवादी नारीवाद कार्ल मार्क्सको सिद्धान्तवाद प्ररित प्रभावित भएको देखिन्छ। पाश्चात्य मुलुकमा खासगरी बेलायतमा सन् १९६० र १९७० का दशकमा नारीवादका क्षेत्रमा अन्य साहित्यिक सिद्धान्त सँगसँगै मार्क्सवादले पनि आफ्नो प्रभाव विस्तार गरेको हो। नारीवादभित्र मार्क्सवाद/समाजवाद एवं वर्गविश्लेषणका सन्दर्भमा यसको प्रवेश भएको हो। यसले अहिले व्यापक रूप ग्रहण गरिसकेको छ। मार्क्सवादी नारीवादले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सन्दर्भलाई व्याख्या गर्न वर्गविश्लेषणको आधार ग्रहण गरेको छ। त्यसमा पनि खास गरी लैङ्गिक श्रमविभाजन अन्तर्गत परिवार र महिलाको घरेलु श्रमको जिम्मेवारीको ऐतिहासिक अन्वेषण गर्ने क्रममा मार्क्सवादको सहारा लिएको छ।[8] वास्तवमा मार्क्सवादी नारीवादले पुरूष र नारीमा पाइने आर्थिक विषमतालाई प्रस्तुत गर्दै आर्थिक समानताको मांग राख्दछ। साहित्यिक क्षेत्रमा यसले लैङ्गिक आधारमा पुरूष र स्त्रीमा पाइने आर्थिक विषमताको चित्रण गर्दछ।

---

[5] लालबहादुर शर्मा, सन्२०१०, **संविधान और महिला अधिकार**, दिल्ली दुर्गा प्रकाशन, पृ-९८-९९
[6] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पा.), वि.सं.२०६८, **रत्न बृहत् समालोचना(सैद्धान्तिक खण्ड)**, काठमाडौं, रत्न पुस्तक भण्डार प्रकाशन, पृ २१५
[7] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पा.), वि.सं.२०६८, **रत्न बृहत् समालोचना(सैद्धान्तिक खण्ड)**, पूर्ववत्
[8] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पा.), वि.सं.२०६८, **रत्न बृहत् समालोचना(सैद्धान्तिक खण्ड)**, पूर्ववत् पृ २१६

### ३.३ आमूल नारीवाद

आमूल नारीवाद(Radical Feminism) नारीवादको एक प्रमुख धारा हो। यसले समाजमा विद्यमान नारी उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडी सारेको छ। नारी घरभित्रै सबैभन्दा बढी लैङ्गिक विभेदमा परेकी छ र त्यसको प्रमुख कारण नारी पुरूषका बिचको वैवाहिक सम्बन्ध हो भन्दै आमूल नारीवादले विपरीतलिङ्गीका बिचको वैवाहिक सम्बन्धलाई पूरै निषेध गरेर महिला महिलाका बिचमै वैवाहिक सम्बन्ध स्थापित गर्दै नारीसमलैङ्गिक नारीवाद(Lesbian Feminism)को सिद्धान्त अगाडी सारेको छ। उदार नारीवादले सुधारका कुरा मात्रै गर्ने र आफुलाई चाहिँ सुधारका माध्यमले महिलामुक्ति हुन्छ भन्ने विश्वास नलागेपछि सन् १९६८मा टाइ-ग्रेस एटकिन्सनका नेतृत्वमा एउटा समूह उदार नारीवादीहरूको समूहबाट अलग भयो। पुरुषसँग साम-दाम-दण्ड-भेदको नीति अँगालेर व्यवहार गर्दैमा महिला उत्पीडनको अन्त्य नहुने ठानेपछि पुरूषलाई नभएर पितृसत्तालाई आफ्नो प्रमुख शत्रु मान्दै उक्त समूहले आफ्नो कार्यदिशालाई गति दियो।[9] वास्तवमा आमूल नारीवाद पुरूषको नारीप्रतिको शोषण, अन्याय र अत्याचारको विरोधमा खडा भएको नारीवाद हो। यसले पुरूषवादी धारणा र पितृसत्ता नै आफ्नो शत्रु हो भन्ने ठान्दछ।

### ३.४ मनोविश्लेषणात्मक नारीवाद

पाश्चात्य जगतमा सन् १९८० देखि नारीवाद उदार, मार्क्सवादी, आमूल र समाजवादी धाराहरूमा मात्र सीमित रहन सकेन। चिन्तनका फाँटमा विकसित भइरहेका विभिन्न दृष्टिकोणहरू समयको गतिमा देखिइरहेको परिवर्तन तथा जटिल सामाजिक एवं राजनीतिक सिद्धान्तका कारणले प्राज्ञिक नारीवादमा पनि विविधता देखिने गरेको हो। मनोविश्लेषणात्मक पद्धति पाश्चात्य जगतमा अत्यन्तै प्रभावशाली रहेको छ, जसले नारीवादी चिन्तनभित्र आफुलाई शक्तिशाली स्वरूपमा स्थापित गरेको छ। मनोविश्लेषणात्मक नारीवादीहरू लैङ्गिक सम्बन्धको भिन्नताका प्रश्नमा आमूल नारीवादसँग सहमत देखिन्छन्। मनोविश्लेषणात्मक नारीवादका पनि दुई प्रमुख हाँगा छन्- फ्रायडेली र लकानेली। फ्रायडेली नारीवादले लैङ्गिक आधारमा निर्मित व्यक्तित्वको पहिचानलाई प्रस्तुत गर्दछ। यसले महिलाको मातृत्वको जिम्मेवारीको प्रभावको विश्लेषणका आधारमा रहने पुरूष-प्रभुत्वको संरचनालाई प्रस्तुत गर्दछ। लकानेली नारीवाद ज्याक्स लकानको कामसँग सम्बन्धित छ।[10] वास्तवमा मनोविश्लेषणात्मक नारीवादले पुरूष र नारीमा हुने लैङ्गिक भिन्नताको विश्लेषण मनोवैज्ञानिक ढाँचामा गर्दछ। यसले लैङ्गिक भिन्नताका कारणले पुरूष र स्त्रीमा हुने लिङ्ग ईर्ष्यालाई मनोवैज्ञानिक ढाँचामा प्रस्तुत गर्दछ।

## ४.नारीवादी साहित्य तथा समालोचना

नारीवादी साहित्य तथा समालोचनाको वास्तविक थालनी सन् १९७०को दशकमा भएको हो। यसै बेलादेखि नारीसम्बन्धी अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ। यस अवधिमा नारीवादले अमेरिकामा विशेष लोकप्रियता पाउँदै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भई यसले सक्रिय स्वरूप लिएको देखिन्छ। बेलायतमा सन् १९७७ मा Virago नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रथमपटक प्रकाशन गरेको छ भने सन् १९७८मा The Women's Press को स्थापना भएको छ। नारीवादी समालोचना एकातिर विगतका नारी लेखकहरूका कृतिहरूको व्यापक खोजी तथा पुनर्मुद्रण गरेर अनि अर्कातिर विद्वतापूर्ण तथा नारीलेखनलाई प्रोत्साहित गरेर हुर्केको छ।[11] यसपछि नारीवादी समालोचनालाई म्यारी एल्मन, केट मिलेट, जर्मिन ग्रियर, सुसान गुबार, टोरिल मोइ, एलेन सोबाल्टर जुलिया क्रिस्टिभा आदिले अघि बढाएको देखिन्छ।

[9] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पा.), वि.सं.२०६८, **रत्न बृहत् समालोचना(सैद्धान्तिक खण्ड)**, पूर्ववत् पृ २१७

[10] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पा.), वि.सं.२०६८, **रत्न बृहत् समालोचना(सैद्धान्तिक खण्ड)**, पूर्ववत् पृ २१९

[11] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, वि.सं.२०७२, **पूर्वीय र पाश्चात्यसाहित्य सिद्धान्त**, पूर्ववत् पृ ३७३

नारीवादी समालोचनाका तीन प्रमुख प्रकार पाइन्छन्। ती हुन्-

(१)**राजनैतिक नारीवादी समालोचना**

(२)**गाइनो समालोचना**

(३)**फ्रान्सेली नारीवादी समालोचना**

## ५.रामलाल अधिकारीको **छोरी छोरी भएको घर** कोषकाव्यको नारीवादी अध्ययन

रामलाल अधिकारीको **छोरी छोरी भएको घर** कोषकाव्यमा प्रथम सर्ग, द्वितीय सर्ग, तृतीय सर्ग, चतुर्थ सर्ग, पञ्चम सर्ग, षष्ठम् सर्ग, सप्तम् सर्ग, अष्टम् सर्ग गरी जम्मा आठवटा सर्ग छन्। यस कोषकाव्यका विभिन्न सर्गमा पाइने नारीवादी पक्षहरूको क्रमिक अध्ययन यस प्रकारले गरिएको छ-

**(१)प्रथम सर्ग**

यस कोषकाव्यको प्रथम सर्गमा घरमा छोरी छोरी हुनुको पीडा, छोरीको कमजोरी तथा छोरीले भोग्नु परेको दु:ख र कष्टलाई प्रस्तुत गरिएको छ। इन्दराज सिंहले **नारी और त्याग**-नामक पुस्तकमा पुरूषप्रधान समाजमा नारीको स्थितिको अन्दाज यस प्रकारले लगाउन सकिन्छ, कि जब कन्याको रूपमा कुनै स्त्रीको जन्म हुन्छ, तब परिवारको शान्ति अशान्तिमा बदलिन्छ। परिवारमा दु:खको बादल छाउँछ। साथै माता पिताले उसको भविष्यको चिन्ता गर्न लाग्दछ[12]-भनेर लेखेका छन्। यस्तै कुरालाई रामलाल अधिकारीले यस सर्गमा यसरी प्रस्तुत गरेका छन्-

घर भरी छोरी छोरी मात्रै छोराहरू सब गल्लावाललाई

डर्छन् अबला भागे सबला म त केवल छु परदेशीलाई।

छोरीहरू छन् केवल ससँग निर्धा निमुखा रोगी पंहेली

सुत्छन् ती पनि दिनभर दिनभर रून्छु अनि म सधैँ अकेली।

छोरी मात्र हुन् बाबु यी सब दाजुका पुराना वस्त्र लाउँछन्

छिमेकीका हँसीको केवल डरले आज यी आफ्नै लाज ढाक्छन्।

पेवा तुल-फूल छोरी उमार्छन् सप्रँदैनन् ती जंगली सेपमा

डोका भरी भरी छोरी बोक्छन् बिक्री नै छैन'रे त्यसको बजारमा।

पुरूषार्थ विहीन छोरीहरू सब कसले गर्ने जीर्णोद्धार?

ढल्यो घर बा !ढल्यो घर बा! गर्नन् छोरी के पुनरोत्थान!(छोरी छोरी भएको घर, पृ २-५)

[12] इन्दराज सिंह, सन् २०११, **नारी और त्याग**, दिल्ली, अनिरूद्ध बुक्स प्रकाशन, पृ २०

यस सर्गमा घरमा छोरी छोरी हुनुको पीडा अनि पुरूषप्रधान समाजमा छोरीले भोग्नुपरेको दु:ख र कष्ट जस्ता नारीवादी पक्षहरू पाइन्छन्। यसमा छोरी निर्धा, निमुखा र कमजोर भएकाले छोरीको उदार हुनुपर्ने जस्ता उदार नारीवादी धारणाको कलात्मक प्रस्तुति पाइन्छ।

**(ख)द्वितीय सर्ग**

यस सर्गमा पुरूषको नारीप्रतिको शोषण, नारी शोषित भएर बाँच्नुपर्ने बाध्यता तथा नारीले गर्नुपरेको सङ्घर्षलाई प्रस्तुत गरिएको छ। पुरूषशासित समाजमा स्त्रीहरूको स्थिति नाजुक छ, उनीहरू होच्याइका छन्, दबाइका छन्, पिसिएका छन्।[13] यस्तै कुरालाई यस द्वितीय सर्गमा यसरी प्रस्तुत गरिएको पाइन्छ-

पिउनै पाइएन आफुले मगमगी बी.ओ.पी बास्नाको बटुका रंगाई

जीउनै पाइएन आफूले फुक्का, अन्य पुरूषको शोषण नपाई।

मूलधन चोखो ऋणको ऋणै रह्यो उकास्ने दिन धेरै टाढा हुँदो हो

चौअन्नी अठन्नी टिप्ने औंलामा कश सीवाय अरू केही नपर्दो नै हो।

चरचरी फुटेका चक्रहरूले एकदिन बाध्य भइ दिएर

बुढी औंलाहरू सही छाप देलान् लेखतमा 'बन्धकी पच!'भनेर।

हेर्नुनपरोस् नि ती दिन मैले मेरा सन्तति मलाई सराप्लान्

जीउँदै मरेको तुल्य हुनेछु, निमुखाहरू के खाएर बाँच्लान्।(छोरी छोरी भएको घर, पृ ६)

यस सर्गमा आमूल तथा मार्क्सवादी नारीवादका विविध पक्षहरू पाइन्छन्। यसमा पुरूषले नारीमाथि शोषण गर्नु, नारी पुरूषद्वारा शोषित भएर बाँच्नु, नारी ऋणमा पर्नु र नारीले कठोर परिश्रम गर्नु जस्ता कुराहरूलाई प्रस्तुत गरिएको छ।

**(ग)तृतीय सर्ग**

यस सर्गमा पितृसत्ताको चपेटमा परेर छोरीहरू आफ्नो हक अधिकारदेखि वञ्चित हुनुपरेको कुरालाई प्रस्तुत गरिएको छ। साइमन डे बुभा(Simone de Beauvoir)-को **द सेकेन्ड सेक्स(The Second Sex)**-मा नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाको नागरिक तुल्याइएको छ र पितृसत्तात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ[14] भन्ने कुराको उल्लेख पाइन्छ। यस्तै नारीदमन र शोषणको कुरालाई यस सर्गमा यसरी प्रस्तुत गरिएको देखिन्छ-

तैपनि मुटुका किलाहरू छन् छोरीहरूको केही बन्दोबस्त भएन

पुस्ता बितेको घरेटीको अझ पनि जग खोइ दरिलो भएन।

[13] कृष्ण गौतम, वि.सं.२०५९, **आधुनिक आलोचना: अनेक रूप अनेक पठन**, पूर्ववत् पृ ३६५

[14] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, वि.सं.२०७२, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत् पृ ३७३

सन्तानका लाश गाडेका चिहानको माटो अब आफ्नो भएन

हाम्रै तमसुकहरूमा आफ्नै बारीको डिक पनि बलियो भएन(छोरी छोरी भएको घर, पृ ११)

यस सर्गमा आमूल नारीवादका विविध पक्षहरू पाइन्छन्। यसमा पुरूषको शोषण तथा पितृसत्ताको चपेटमा परेर नारीहरू शोषित हुनुपरेको, नारीहरू आफ्नो हक अधिकारबाट बञ्चित हुनु परेको कुरालाई प्रस्तुत गरिएको छ।

**(घ)चतुर्थ सर्ग**

वामपन्थी स्त्रीवादीहरू नारीहरूलाई शोषितको दृष्टिले हेर्छन्।[15] यस सर्गमा नारीलाई शारीरिक र आर्थिक रूपले शोषण गरिएको कुरालाई प्रस्तुत गरिएको छ। यसमा नारी शोषित भएको र नारीको धन सम्पत्ति, जायदाद सबै लुटिएको कुरालाई यसरी प्रस्तुत गरिएको छ-

कालो रातमा दशौ'टा औंला आई हाम्रा मुख थुनिए

त्रस्त, निस्प्राण टुलुटुलु हेऱ्यौं केवल टलटल चुप्पी टल्किए।

यसरी आफ्नू स्वार्थ सिध्याइ भागे उनीहरू आधारातमैं

काटे सीमाना आड लिएर गोजी भरेर धनी भएर।

यस्तै रीतले डाँका लागी सिरिखुरी भएथ्यो माइतीको जायदाद

ऋण लाग्यो तर दीन लागेन फलिफाप हुन्छ'रे कलीमा पाप।(छोरी छोरी भएको घर, पृ १३-१४)

यस सर्गमा छोरीचेलीमाथि अन्याय अत्याचार गरेर उनीहरूको धन लुटिएको प्रसङ्गले नारी शोषणको कुरालाई कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ। यस सर्गमा आमूलनारीवादी पक्षहरूको कलात्मक प्रस्तुति पाइन्छ।

**(ङ)पञ्चम सर्ग**

यस सर्गमा हिम तुषारको जाडोमा नारी कक्रिनु परेको अनि भेडाको ऊनलिन नारी माइत जानुपरेको जस्ता कुराहरूलाई प्रस्तुत गरिएको छ। यसमा नारीले मात्र दु:ख, पीडा खप्नु परेको र नारी माइत जानुपरेको घटना प्रतिबिम्बित छन्। यस सर्गमा नारीले हिम-तुषार सहेर लुगलुगी काम्दै पहाड शिखरमा भेडाको ऊन लिन माइत जानुपरेको कुरालाई यसरी प्रस्तुत गरिएको छ-

किथरा कन्था अथाह जोडी ओढी छटपटी खपी निदाउँछु

फुक्का केश विधवा भेष हिम-तुषार प्रपात बिचकक्रन्छु।

कामी लुग्लुगी पहाड शिखरमा भेडाको ऊनलिन माइत गइन

बिदा दिएकी चेली म पनि दु:ख खपें अरूलाई थप्न भनिन।(छोरी छोरी भएको घर, पृ १६)

[15] कृष्ण गौतम, वि.सं.२०५९, **आधुनिक आलोचना: अनेक रूप अनेक पठन**, पूर्ववत् पृ ३४९

यस सर्गमा पुरूषको घरमा नारी जाडामा कक्रिएर पहाड शिखरतिर हिम तुषार सहँदै माइत भेडाको ऊनलिन जानु परेको कुरालाई कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ। यस सर्गमा उदार नारीवादी पक्षहरूको कलात्मक प्रस्तुति पाइन्छ।

**(च)षष्ठम् सर्ग**

विश्वका विभिन्न पुरूषशासित समाजमा नारी वृद्ध भएपछि हेप्ने अवहेलना गर्ने र घरबाट निकाल्ने परम्परा रहेको छ। भारतमा पनि वृद्ध आश्रममा वृद्ध आमालाई राख्ने गरेको देखिन्छ। यस प्रकारका घटनाले समाजमा नारीप्रति भएको अन्यायको पुष्टि गर्दछ। रामलाल अधिकारीले यस सर्गमा नारीलाई वृद्ध अवस्थामा सबैले जिस्काउने र हेप्ने गरेको कुरालाई यसरी प्रस्तुत गरिएको छ-

घुएँत्रो हान्छन् खरका छानामा कतिदिन थेग्छ र खरिइसकेर

‘कुक्कु! कुक्कु! बुढिया’ भन्छन् कुलेंसा भित्तामा आड लिएर।

‘बज्यै तिम्रा दाँत कहाँ गए?’ सोध्छन् खिसी होवा सहानुभूति हो

‘कपास फुलायौ कि शिरमा?’ भन्छन् व्यङ्ग्य हो वा अबोधता हो।

‘भालू जस्ती ए बुढीया बोक्सी दगुर दगुर लौ हामी पछाडी

‘खेलुँ कि डुमराइ, तिमी डुम बन्छयौ?’थापिहाल लौ हाम्रा चट्टी।(छोरी छोरी भएको घर, पृ १७-१८)

यसमा वृद्धावस्थामा नारीको अवहेलना, नारीप्रति गरिने घृणालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ। वृद्ध भएपछि नारीप्रति समाज र आफ्नै सन्तानबाट हुने अवहेलना र घृणालाई यस सर्गमा प्रस्तुत गरिएको पाइन्छ। यस सर्गमा उदार र आमूल नारीवादी पक्षहरूको कलात्मक रूपमा प्रस्तुति पाइन्छ।

**(छ)सप्तम् सर्ग**

फ्रेन्च स्त्रीवादी आलोचना लाकनको छायामा मनोविश्लेषणात्मक छ। लुसी इरिगरी, हेलेन सिक्सस तथा जुलिया क्रिस्तेवाहरू लाकनको कल्पनात्मक तहको अवधारणाबाट प्रभावित छन्।[16] यस सर्गमा सपना, कल्पना जस्ता मनोविश्लेषणात्मक पक्षहरू पाइन्छन्। यस सर्गमा नारीले देखेका मीठा राम्रा सपनाहरूको वर्णन यसरी गरिएको छ-

एक रात सभ्य भएथ्यो क्यार सपना देखें गहिरो नीदमा

फूलेका रहेछन् हरियै, नीलै फूलहरू कहाँ कहाँ हो बारीमा।

लगाकी रहिछु मैले सुकिला, राम्रा असल वस्त्र शरीरमा

चल्दो रहेछ मगमग खुस्बु हाम्रा घरमा छिमेकहरूमा।(छोरी छोरी भएको घर, पृ २०)

यस सर्गमा मनोविश्लेषणात्मक नारीवादका केही पक्षहरू पाइन्छन्। यसमा नारीले सपना देख्नु, सपनाको संसारमा नारी आशावादी बन्नु जस्ता कुरालाई प्रस्तुत गरिएको छ। यसमा नारीले मीठो मीठो सपना देखेर नारी आशावादी बनेका छन्।

[16] कृष्ण गौतम, वि.सं.२०५९, **आधुनिक आलोचना: अनेक रूप अनेक पठन**, पूर्ववत् पृ ३५३

**(ज)अष्टम् सर्ग**

पाश्चात्य समाजमा नारीको भाग्य बदल्नु नारीकै हातमा छ, भन्ने धारणा पाइन्छ।[17] यस्तै प्रकारको धारणा यस सर्गमा पाइन्छ। यस सर्गमा नारीहरूले आफ्नो हक, अधिकार र अस्तित्वको लागि सङ्घर्ष गर्नुपर्ने, युद्ध गर्नुपर्ने अनि त्यसपछि मात्र आफ्नो अस्तित्व कायम रहने र परिवर्तन आउने कुरालाई यसरी प्रस्तुत गरिएको छ-

पर्खन्छौं हामी पर्खन्छौं अझ ढुङ्गा माथि पनि फल्नै पर्छ

कुहिए पनि ती हाम्रा बीजहरू ठूला ठूला घोगा लाग्नै पर्छ।

चौरास्तामा कज्याइका हामी हौं लगाम लगाई छोडिदिन्छौं

रस्ता धेरै हाम्रा अगाडि तर घोडा भएर दौडिइन्छौं।

बाघ पहाड हौं हामी ता अग्ला हाम्रो निधार सदैव उचा

सूर्यले टेक्छन् प्रथमोप्रथम माथ झुकेन कहिल्यै गौर गाथा।

कैलाशको चीसो हावा पिएर हामी वासना शमन गरौंला

कामी पुरूषको प्रकोप रातको आग्लो लगाइ बलियो गरौंला।

नातिनी काँगडा भित्रका कैयन हिन्दु रमणीहरू जन्मेलान्

पद्मिनी, लक्षिमी हाम्रा हजारौं वरपर चारैतिर दौडेलान्।

अब जीवनको एउटा अवशेष अंश लिएर पुन जन्मौंला

नयाँ जीवन र नौलो जोश ली तब नै कोरी बाटी गरौंला(छोरी छोरी भएको घर, पृ २४- २५)

यस सर्गमा उग्र नारीवादी पक्षहरू पाइन्छन्। गोविन्दराज भट्टराईले **पश्चिमी बलेंसीका बाछिटा**-नामक पुस्तकमा पितृसत्तात्मक पर्खालहरू भत्काएर नारी अस्तित्वको अलग पहिचान स्थापित गराउनु नै नारीवादी आन्दोलनको मूल लक्ष्य हो। नारी अस्मिता स्थापनाको खातिर समर्पित यो एक विद्रोह स्वर हो।[18] -भनेर लेखेका छन्। यस्तै कुरालाई यस अष्टम् सर्गमा रामलाल अधिकारीले कलात्मक रूपमा प्रस्तुत गरेका छन्। यसमा नारीले आफ्नो हक, अधिकार र अस्तित्वका निम्ति सङ्घर्ष गरेर पुरूषको शोषण तथा पितृसत्ताको विनाश गर्नुपर्छ, भन्ने कुरालाई प्रस्तुत गरिएको पाइन्छ।

[17] अनामिका, सन्२०१२, **स्त्री विमर्श की उत्तर-गाथा**, नई दिल्ली, सामयिक प्रकाशन, पृ ५३

[18] गोविन्दराज भट्टराई, वि.सं.२०६१, **पश्चिमी बलेंसीका बाछिटा**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान प्रकाशन, पृ ६९

## ६.निष्कर्ष

रामलाल अधिकारीका **छोरी छोरी भएको घर** कोषकाव्य जम्मा आठ सर्गमा विभाजित छ। प्रथम सर्गमा पुरूषप्रधान समाजमा बसेकी वृद्ध आमाको घरमा छोरी छोरी हुनुको पीडा तथा छोरीले भोग्नु परेको दु:ख र कष्टलाई प्रस्तुत गरिएको छ। द्वितीय सर्गमा पुरूषले नारीप्रति गर्ने शोषण, नारी शोषित भएर बाच्नुपर्ने बाध्यतालाई प्रस्तुत गरिएको छ। तृतीय सर्गमा नारीलाई आफ्नो हक र अधिकारबाट वञ्चित गरिएको कुरालाई प्रस्तुत गरिएको छ। चतुर्थ सर्गमा नारीलाई शारीरिक र आर्थिक रूपले शोषण गरिएको कुरालाई प्रस्तुत गरिएको छ। पञ्चम सर्गमा नारीले भोग्नु परेको दु:ख र पीडालाई प्रस्तुत गरिएको छ। षष्ठम् सर्गमा नारीलाई वृद्धा अवस्थामा सबैले अवहेलना गर्ने, जिस्काउने र हेप्ने गरेको कुरालाई प्रस्तुत गरिएको छ। सप्तम् सर्गमा नारीले देखेका मीठा सपनाका कुरालाई प्रस्तुत गरिएको छ। अष्टम् सर्गमा नारीले आफ्नो हक, अधिकार अनि अस्तित्वका लागि सङ्घर्ष र क्रान्ति गरेर परिवर्तन ल्याउनुपर्ने कुरालाई प्रस्तुत गरिएको छ। यसमा पुरूषको शोषणबाट नारी मुक्त भएर आफ्नै नयाँ संसारको निर्माण गर्नुपर्ने कुरालाई प्रस्तुत गरिएको छ। समग्रमा रामलाल अधिकारीका यस **छोरी छोरी भएको घर** कोषकाव्यमा उदार नारीवादी पक्ष, मार्क्सवादी नारीवादी पक्ष, मनोविश्लेषणात्मक नारीवादी पक्ष र आमूल वा उग्र नारीवादी पक्षहरू पाइन्छन्।

## ७.सन्दर्भग्रन्थ सूची


१.अधिकारी रामलाल, वि.सं.२०२४, **छोरी छोरी भएको घर**, सिलिगुडी, अजय थापा प्रकाशक।

२.अनामिका, सन् २०१२, **स्त्री विमर्श की उत्तर गाथा**, नई दिल्ली, सामयिक प्रकाशन।

३.कमल एम पी, सन् २००७, **स्त्री अस्मिता और अस्तित्व**, नई दिल्ली, मित्तल बुक प्रकाशन।

४.कुमार राधा, सन् २००९, **स्त्री संघर्षका इतिहास**, नई दिल्ली, वाणी प्रकाशन।

५.के.पी प्रमीला, सन् २०१०, **यौनिकता बनाम आध्यात्मिकता**, नई दिल्ली, राजकमल प्रकाशन।

६.गौतम कृष्ण, वि.सं.२०५९, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, ललितपुर, साझा प्रकाशन।

७.गौतम लक्ष्मणप्रसाद र राजेन्द्र सुवेदी(सम्पा), वि.सं.२०६८, **रत्न बृहत् नेपाली समालोचना**(सैद्धान्तिक खण्ड), काठमाडौं, रत्न पुस्तक भण्डार प्रकाशन।

८.गुप्त रजनी र शैलेन्द्र सागर(सम्पा), सन् २००८, **आजात औरत कितनी आजाद**, नई दिल्ली, सामयिक प्रकाशन।

९.ठाकुर सुनिता, सन् २०१०, **नारीवादी कांउसलिंग सिद्धातं और व्यवहार**, नई दिल्ली, कल्याणी शिक्षा परिषद प्रकाशन।

१०.त्रिपाठी कुसुम, सन् २०१०, **औरत इतिहास रचा है तुमने**, नई दिल्ली. कल्याणी शिक्षा परिषद प्रकाशन।

११.भट्टराई गोविन्दराज, वि.सं.२०६१, **पश्चिमी बलेंसीका बाछिटा**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान प्रकाशन।

१२.लुइटेल खगेन्द्रप्रसाद र मोहनराज शर्मा, वि.सं.२०७२, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार प्रकाशन।

१३.सिंह इन्दराज, सन् २०११, **नारी और त्याग**, दिल्ली, अनिरूद्ध बुक्स प्रकाशन।

१४.शर्मा नासिरा, सन् २०१२, **औरत की आवाज**, दिल्ली, इन्द्रप्रस्थ प्रकाशन।

१५.शर्मा लालबहादुर, सन् २०१०, **संविधान और महिला अधिकार**, दिल्ली, दुर्गा प्रकाशन।